## मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको
## सातौँ वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

### १. वैधानिक सभा :

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. को मिति २०७६/०७/०५ गते बसेको सञ्चालक समितिको ९० औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम संस्थाको सातौँ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सन्जिब मानन्धरज्यूको अध्यक्षतामा निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल एवं निर्णय भई देहाय बमोजिम सम्पन्न भयो ।

मिति : २०७६ कार्तिक २९ गते शुक्रबार ।
समय : बिहानको ११:०० बजे प्रारम्भ भई १:०० बजे समापन ।
स्थान : होटल वाटर टावर, विदुर -४, बट्टार, नुवाकोटको सभा कक्ष ।

### २. उपस्थिति :

(क) सञ्चालकहरूको उपस्थिति :

| क्र.सं. | विद्यमान सञ्चालकहरूको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता |
|---|---|---|---|---|
| १ | श्री सन्जिब मानन्धर | अध्यक्ष | प्राइम कमर्सियल बैंक लि., कमलपोखरी, काठमाडौं | ४६०४६० |
| २ | श्री कल्याण बिक्रम पाण्डे | सञ्चालक | जनता बैंक नेपाल लि., थापाथली, काठमाडौं | ४६०४६० |
| ३ | श्री राजा अर्याल | सञ्चालक | ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाडौं | ४६०४६० |
| ४ | श्री सजना मानन्धर | सञ्चालक | देवः विकास बैंक लि., लाल दरबार, काठमाडौं | ४६०४६० |
| ५ | श्री बद्री प्रसाद पुडासैनी | सञ्चालक | सर्वसाधारण समूह | ३३९ |
| ६ | श्री सुमित बाबु खत्री | सञ्चालक | स्वतन्त्र | ० |

(ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :

| क्र.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री रामहरि दाहाल | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., बट्टार, नुवाकोट |
| २ | श्री नबराज दाहाल | नायव प्रमुख कार्यकारी अधिकृत | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., बट्टार, नुवाकोट |

(ग) शेयरधनीहरूको उपस्थिति विवरण :

वित्तीय संस्थाको कूल शेयरधनी संख्या यस प्रकार रहेको छ ।

संस्थापक शेयरधनीको संख्या : १० (दश)
सर्वसाधारण शेयरधनीको संख्या : ४३,५५९ (त्रिचालिस हजार पाँच सय उनन्नसाठी) रहेकोमा सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

| बिक्री भएको कूल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा |
|---|---|---|---|---|---|
| ६५,७८,००० | ४५,६५,१३२ | २०,१२,८६८ | १० | ८७ | ९८ |

## ३. सभाको वैधानिकता :

(क) सभाको बारेमा सार्वजनिक सूचना :

कम्पनी ऐन २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि मितिः २०७६ कार्तिक ६ गते र ७ गते राष्ट्रिय दैनिक पत्रिका “कारोबार” मा प्रकाशित गरिएको र मिति २०७६/०७/१९ गतेसम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरूलाई आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना, सभाको प्रवेशपत्र तथा प्रोक्सी फारामहरू यस संस्थाको Website मार्फत सार्वजनिक गरिसकिएको ब्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट जानकारी गराइयो ।

(ख) गणपूरक संख्या :

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०७६ कार्तिक १९ मा कायम शेयरधनीहरू तथा उनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरू | १० | ४५,६५,१३२ | |
| २ | सर्वसाधारण शेयरधनीहरू | ४३५५९ | २०,१२,८६८ | |
| | जम्मा | ४३५६९ | ६५,७८,००० | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपूरक संख्या (कम्पनीको शेयरधनीहरू स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको साधारण शेयरहरूको संख्या) देहाय बमोजिम रहेको ब्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट अवगत भयो र उपस्थित शेयरधनीहरूले उपरोक्त ब्यहोरा जानकारी लिंदै सभा कानून बमोजिम बोलाइएको हुँदा पूर्वसूचित प्रस्तावहरूमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

| बिक्री भएको कूल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| ६५,७८,००० | ४५,६५,१३२ | २०,१२,८६८ | ४५,६५,१३२ | ४५,७५० | ४६,१०,८८२ | ७०.१० |

४. सभामा प्रस्तुत छलफलका विषयहरू :

शेयरधनीहरूको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरूलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिएबमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरू देहायबमोजिम रहेका थिए ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७६/७७ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम २०७६ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको १.५८ प्रतिशतले हुन आउने नगद लाभांश रू. १,०३,८६,३१५/७९ (बोनस शेयरको कर प्रयोजनका लागि) दिने प्रस्तावमाथि छलफल गरी पारित गर्ने ।

५. सर्बसाधारण शेयरधनीहरूको तर्फबाट बाँकी अवधिका लागि सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिबाट पारित भए बमोजिम २०७६ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ३० प्रतिशतले हुन आउने रकम रू. १९,७३,४०,०००/- बराबरको बोनस शेयर जारी गर्ने ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ५(म), ६(ख) र (ग) तथा नियमावलीको नियम २७(३), २९(२) र ३२(१)(ख) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

३. वित्तीय संस्थाले अन्य ईजाजतप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थालाई गाभ्न वा प्राप्ति (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

(ग) विविध ।

५. सभाको सभापतित्व तथा उद्घाटन :

यस वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकोले कम्पनी ऐन २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सन्जिब मानन्धरज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध गरियो र त्यसै अनुरूप उहाँले सभाको सभापतित्व गर्नु भयो । तत्पश्चात् सभापति महोदयले पानसमा बत्ती बाली सभाको उद्घाटन गर्दै सभाको कार्यक्रम अघि बढाउनुभयो ।

६. स्वागत मन्तव्य :

सभापतिज्यूको अनुमति लिई संस्थाका कम्पनी सचिव श्री रामहरि दाहालले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरू एवं अन्य आमन्त्रित महानुभावहरूलाई हार्दिक स्वागत गर्नुभयो ।

७. सातौँ वार्षिक प्रतिवेदन प्रस्तुत :

सभाको कामकारबाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री सन्जिब मानन्धरज्यूले शेयरधनीहरूलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनुभयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण साधारण सभा समक्ष छलफल तथा निर्णयको रूपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०७५/७६ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०७६/७७ को भावी योजना तथा अन्य कार्यक्रमहरूका बारेमा विवरणहरू प्रस्तुत गर्नुभयो । त्यसका साथै अन्त्यमा धन्यवाद ज्ञापन गर्नुहुँदै शेयरधनीहरूको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

८. साधारण सभामा उठेका जिज्ञासा एवं प्रत्यूत्तर :

(क) सर्वसाधारण शेयरधनी निरनमान स्थापितले अध्यक्षज्यूले प्रतिवेदनमा यस वित्तीय संस्थाको शाखा कार्यालयको संख्या ९५ र प्रमुख कार्यकारी अधिकृतज्यूले शाखा कार्यालयको संख्या ११० भनेकोमा के हो स्पष्ट परिदिन हुन अनुरोध गर्नु भयो ।

(ख) संस्थापक शेयरधनी जनता बैंक नेपाल लि. का प्रतिनिधि श्री अशोक कुमार गुरुङ्गले संस्थाको स्थापनाको सात वर्षसम्ममा जम्मा १२० प्रतिशत लाभांस वितरण गर्न सफल भएकोमा हार्दिक बधाई दिदै अझ बढी प्रतिफल प्रदान गर्नका लागि हौसला प्रदान गर्नु भयो ।

शेयरधनीका प्रतिनिधिहरूले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका सभापतिले देहाय बमोजिमको जवाफ दिनुभयो ।

(क) संस्थाको शाखा कार्यालयको संख्यामा जिज्ञासा ब्यक्त गर्ने सर्वसाधारण शेयरधनीलाई २०७६ असार मसान्तसम्मको विवरणमात्र प्रतिवेदनमा सामेल भएको र प्रमुख कार्यकारी अधिकृतले हालसम्मको विवरण प्रस्तुत गर्नु भएकाले फरक परेको भनि जवाफ दिनुभयो ।

(ख) संस्थाको लाभांशमा खुशी व्यक्त गर्ने संस्थापक शेयरधनीलाई धन्यवाद दिँदै यस वित्तीय संस्थाले वितरण गरेको लभांस अन्य समकक्षी संस्थाको भन्दा राम्रो रहेको र भविश्यमा अझ प्रगति गर्दै जाने ब्यहोरा जानकारी दिनुभयो ।

शेयरधनीका प्रतिनिधिहरूले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्षज्यूले जवाफ दिनुभएपछि छलफलको क्रम समाप्त भएको कम्पनी सचिवले सभामा जानकारी गराउनुभयो ।

## ९. सभाका निर्णयहरू :

आजको सभामा शेयरधनी महानुभावहरूले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्वसूचित प्रस्तावहरूलाई क्रमशः पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरू उपर सभाका शेयरधनीहरूको सर्वसम्मत निर्णयबाट देहाएबमोजिम पारित गरियो ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७५/७६ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू सर्वसम्मतिले पारित गरियो ।

३. आ.व. २०७६/७७ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम श्री एस एण्ड एस एसोसियट्स (श्री सुधिर शर्मा) लाई नियुक्त गर्ने र निजलाई वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङफर्म लेखापरीक्षण र प्रमाणिकरणका शुल्कको पारिश्रमिक स्वरूप रू. ४,५०,०००/- (अक्षरेपी चार लाख पचास हजार मात्र) कर सहित प्रदान गर्ने सर्वसम्मतिले पारित गरियो ।

४. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम २०७६ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको १.५८ प्रतिशतले हुन आउने नगद लाभांश रू. १,०३,८६,३१५/७९ (बोनस शेयरको कर प्रयोजनका लागि) दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५. सर्वसाधारण शेयरधनीहरूको तर्फबाट बाँकी अवधिका लागि सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन कार्यक्रम अनुसार श्री ज्ञानुकृष्ण अधिकारी सञ्चालकमा निर्विरोध निर्वाचित भएको ब्यहोरा निर्वाचन अधिकृतबाट जानकारी भयो ।

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिबाट पारित भए बमोजिम २०७६ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ३० प्रतिशतले हुन आउने रकम रू. १९,७३,४०,०००/- बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ५(म), ६(ख) र (ग) तथा नियमावलीको नियम २७(३), २९(२) र ३२(१)(ख) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

तपसिल :

प्रबन्धपत्रको प्रस्तावित संशोधनको तीन महले विवरण

| साविक | प्रस्तावित संशोधन | कारण |
|---|---|---|
| ५. वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू : यस वित्तीय संस्थाले दफा ४ बमोजिमको उद्देश्य प्राप्त गर्न कम्पनी ऐन,२०६३ को दफा १८ को उपदफा (१) को खण्ड (घ) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (४) बमोजिम "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाको रूपमा रहने गरी सो ऐन, कम्पनी कानून तथा | ५. वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू : यस वित्तीय संस्थाले दफा ४ बमोजिमको उद्देश्य प्राप्त गर्न कम्पनी ऐन,२०६३ को दफा १८ को उपदफा (१) को खण्ड (घ) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (४) बमोजिम "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाको रूपमा रहने गरी सो ऐन, कम्पनी कानून तथा | संस्थाको प्रबन्धपत्रको दफा ४ (च) मा रहेको तर ५ मा नरहेकाले नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षणको निर्देशन नं. ४.१ बमोजिम । |

| | | |
|---|---|---|
| अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरू गर्न सक्नेछ ।<br><br>(म) नरहेको । | अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरू गर्न सक्नेछ ।<br><br>(म) प्रचलित कानुन बमोजिम सम्बन्धीत निकायको स्वीकृती लिई (बीमा ऐन, २०४९ बमोजिम अनुमति लिई) बीमा प्रिमियम बाहेक अन्य थप शुल्क लिन नपाउने गरी आफ्ना ऋणी सदस्यहरूको बीमा अभिकर्ताको रूपमा कार्य गर्ने । | |
| ६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :–<br><br>(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रू. ६५,७८,००,०००/- (अक्षरेपी पैसठ्ठी करोड अठहत्तर लाख) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका ६५,७८,००० ( पैसठ्ठी लाख अठहत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) वित्तीय संस्थाले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रू. ६५,७८,००,०००/- (अक्षरेपी पैसठ्ठी करोड अठहत्तर लाख) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका ६५,७८,००० ( पैसठ्ठी लाख अठहत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :–<br><br>(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रू. ८५,५१,४०,०००/- (अक्षरेपी पचासी करोड एकाउन्न लाख चालिस हजार) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका ८५,५१,४०० (पचासी लाख एकाउन्न हजार चार सय) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) वित्तीय संस्थाले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रू. ८५,५१,४०,०००/- (अक्षरेपी पचासी करोड एकाउन्न लाख चालिस हजार) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका ८५,५१,४०० (पचासी लाख एकाउन्न हजार चार सय) थान साधारण शेयरमा विभाजन गरिएको छ । | संस्थाले ३० प्रतिशतले हुने रू. १९,७३,४०,००० /- (अक्षरेपी उन्नाईस करोड त्रिहत्तर लाख चालिस हजार) बराबरको बोनस शेयर जारी गरी चुक्ता पूँजी बृद्धि गर्न प्रस्ताव गरिएकाले । |

Estd. 2069
CORPORATE OFFICE, BATTAR, NUWAKOT

## नियमावलीको प्रस्तावित संशोधनको तीन महले विवरण

| साविक | प्रस्तावित संशोधन | कारण |
|---|---|---|
| २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :<br><br>(३) सञ्चालकको कार्यकाल ४ वर्षको हुनेछ । | २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :<br><br>(३) सञ्चालकको कार्यकाल ४ वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ । तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार |
| २९. व्यवसायिक सञ्चालकको नियुक्ती, संख्या, कार्यकाल, योग्यता, तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था : (१) ऐनले व्यवस्था गरे बमोजिम राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहरूको सूचीबाट संचालक हुन योग्य भएको ब्यक्ति मध्येबाट ऐनको दफा १७ उपदफा (३) बमोजिम समितिले एक जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक नियुक्त गर्नेछ ।<br><br>(२) निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा ४ वर्षको हुनेछ, र निजको पुनः नियुक्त हुन सक्नेछ । | २९. स्वतन्त्र सञ्चालकको नियुक्ती, संख्या, कार्यकाल, योग्यता, तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था : (१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले ब्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले तोके बमोजिम योग्यता तथा अनुभव प्राप्त सञ्चालक हुन योग्य भएको ब्यक्ति मध्येबाट समितिले एक जना स्वतन्त्र सञ्चालक नियुक्त गर्नेछ ।<br><br>(२) निजको कार्यकाल बढीमा ४ वर्षको हुनेछ र एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार |
| ३२. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था : (१) संचालकले पाउने मासिक पारिश्रमिक, बैंठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ :-<br><br>(ख) सञ्चालक समितिको बैंठकमा उपस्थित भए वापत प्रति बैठक भत्ता अध्यक्षले पाउने रू. ४,५००/- र अन्य सदस्यले पाउने रू. ४,०००/- | ३२. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था : (१) संचालकले पाउने मासिक पारिश्रमिक, बैंठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ :-<br><br>(ख) सञ्चालक समितिको बैंठकमा उपस्थित भए वापत प्रति बैठक भत्ता अध्यक्षले पाउने रू. ७५००/- र अन्य सदस्यले पाउने रू. ७०००/- | सञ्चालकको भत्ता समयानुकुल बनाउनका लागि । |

Estd. 2065

| | | |
|---|---|---|
| हुनेछ । साथै सञ्चालकहरूले बिल पेश गर्नु नपर्ने गरी मासिक पत्रपत्रिका वापत रू. १,०००/- र सञ्चार खर्च वापत मासिक रू. १,०००/- प्रदान गरिनेछ । | हुनेछ । साथै सञ्चालकहरूले बिल पेश गर्नु नपर्ने गरी मासिक पत्रपत्रिका र ईन्धन वापत रू. ५,०००/- र सञ्चार खर्च वापत मासिक रू. २,०००/- प्रदान गरिनेछ । | |
| व्यवसायिक विशेषज्ञ सञ्चालक | स्वतन्त्र सञ्चालक | व्यवसायिक विशेषज्ञ सञ्चालक रहेको सबै स्थानमा स्वतन्त्र सञ्चालक बनाउनका लागि |

३. वित्तीय संस्थाले अन्य ईजाजतप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई गाभ्न वा प्राप्ति (Merger/Acquisition) गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

(ग) विविध

विविध अन्तर्गत यस सातौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागि सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिवले हस्ताक्षर गर्ने निर्णय गरियो ।

१०. धन्यवाद ज्ञापन :

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने श्री नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत विभिन्न संघ-संस्था तथा व्यक्तिहरूलाई धन्यवाद दिने निर्णय गरियो । साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनीय योगदान पुऱ्याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरूलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

११. कम्पनी सचिव श्री रामहरि दाहालले आजको यस सातौं वार्षिक साधारण सभामा समावेश विषयसूची अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको ब्यहोरा जानकारी गराउनु हुँदै आजको यस साधारण सभा समापन गरिदिनको लागि अध्यक्ष एवं सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

१२. विषयसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरू समाप्त भएको जानकारी प्राप्त भएपश्चात् अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उहाँहरूको अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी आजको यस सातौं वार्षिक साधारण सभा शान्ति एवं सौहार्दपूर्ण वातावरणमा सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउने श्री नेपाल राष्ट्र बैंक,

कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, पत्रकार महानुभावहरू, बैंकका सञ्चालकहरू र सम्पूर्ण कर्मचारीहरू लगायत यस सभाहल उपलब्ध गराई सहयोग गर्ने होटल वाटर टावर, बिदुर -४, बट्टार, नुवाकोटलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस सातौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

श्री रामहरि दाहाल
कम्पनी सचिव

श्री सन्जिब मानन्धर
अध्यक्ष

सभा सम्पन्न मिति : २०७६ कार्तिक २९ गते शुक्रबार तदनुसार नोभेम्बर १५, २०१९ ।